समृद्ध बेनीघाट रोराङको आधार : कृषि, शिक्षा, स्वास्थ्य, उद्योग र पूर्वाधार"

बेनीघाट रोराङ गाउँपालिका

वस्तुस्थिति विश्लेषण विवरण



बेनीघाट रोराङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ,
बागमती प्रदेश, नेपाल

२०७८

बेनीघाट रोराङ गाउँपालिकाको भौतिक अवस्थिति नक्शा



प्रकाशक : बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

सम्पर्क : फोन : ९८५१२२९२२०, ९८१०२५४७९३, ९८४१०३८८३८
इमेल : *info@benighatrorangmun.gov.np*
ito.benighatroarag@gmail.com
वेवसाइट : *www.benighatrorangmun.gov.np*

सर्वाधिकार© : प्रकाशकमा

आवरण तस्वीर :

प्रकाशन मिति : २०७८

प्राविधिक सहयोग : भूकम्प पश्चातको पूनर्लाभमा वेलायत सरकारको सहयोग पूर्णिमा परियोजना र एसडिआइसी, काडमाण्डौ ।

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिका
बिशालटार, धादिङ,

मन्तव्य

स्थानीय सरकारका रुपमा नेपालको संविधान, नीति तथा कानून बमोजिम सेवा प्रवाह तथा विकास निर्माण मार्फत् जन आकांक्षा सम्बोधनको ऐतिहासिक जिम्मेवारी गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरूमा रहेको छ । संघीय शासन व्यवस्थाको रुपमा स्थानीय तह, प्रदेश र संघीय सरकारहरु बीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा शासन संचालनको अपेक्षा गरिए जस्तै स्थानीयस्तरमा निर्वाचित पदाधिकारी, कर्मचारी संगठन, समुदायमा आधारित संस्था, स्थानीय समुदाय, नीजि क्षेत्र र विकास साझेदार तथा गैससँगको निकटतम सहकार्य र समन्वयबाट अपेक्षित परिवर्तन सुनिश्चित हुने विश्वास गर्न सकिन्छ । स्थानीय सरकार संचालनको बलियो आधार तयार गरी सेवा प्रवाह र विकास निर्माण प्रभावकारी गराउन गाउँपालिकाको समग्र पक्षको विषय क्षेत्रगत तथा खण्डिकृत तथ्याङ्क खुल्ने गरी वस्तुस्थिति विवरण (Profile) तयार गर्नु अत्यन्त आवश्यक छ । यही कुरालाई स्थानीय सरकार सञ्चालन ऐन २०७४, वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले मार्गदर्शन गरेको छ । गाउँपालिकाको विकासको विद्यमान स्थितिको विश्लेषण गरी विकासको प्रयासलाई दिशानिर्देश गर्न आवधिक, विषयक्षेत्रगत तथा वार्षिक विकास योजना तर्जुमा, योजनाको नतिजामूलक अनुगमन तथा प्रभावको लेखाजोखा गर्न वस्तुस्थिति विवरण तयारी तथा अद्यावधिक गर्नु जरुरी छ ।

गाउँ कार्यपालिकाको मार्गदर्शनमा विषयगत शाखा र कर्मचारी तथा विकासका सरोकारवालाको सक्रिय सहभागिता, भूकम्प पश्चातको पुनर्लाभमा वेलायती सहयोग नियोगको सहयोग (पूर्णीमा) सहयोग र एसडिआईसीको प्राविधिक सहयोगमा गाउँपालिका वस्तुस्थिति विवरण (Municipal Profile) तयार गरिएको छ । यस वस्तुस्थिति विवरणले गाउँपालिकाको सेवा प्रवाह, नीति निर्माण, आन्तरिक आय वृद्धि तथा विकास प्रक्रियालाई मार्गदर्शन गर्ने विश्वास लिएको छु । यसका अतिरिक्त, गाउँपालिका क्षेत्रको विकासका लागि सहकार्य गर्ने अन्य निकाय लगायत गैसस तथा विकास साझेदारका लागि पनि यस वस्तुस्थिति विवरणमा उल्लेखि गरिएका सूचना तथा तथ्यांकहरु महत्वपूर्ण र सहयोगी हुनेछन् भन्नेमा विश्वस्त छु । यस गाउँपालिकाको विकास र समृद्धिको सपना सबैको एकता, साझा प्रयास र प्रतिवद्धताबाट प्राप्त हुने कुराको पुनः स्मरण गर्न चाहन्छु ।

अन्त्यमा, वस्तुस्थिति विवरण तयारीको कार्यमा सहयोग र परामर्श प्रदान गर्ने गाउँ कार्यपालिकाका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत र प्रशासनिक, कर्मचारी, सरोकारवाला, सम्पुर्ण गाउँपालिकावासी लगायत प्राविधिक सहयोग गर्ने पूर्णीणा कार्यक्रम तथा एसडिआईसीका सम्पपूर्ण प्राविधिक विज्ञहरु सबैमा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

.....

पित्त वहादुर डल्लाकोटी

अध्यक्ष

विषय सूची

परिच्छेद १: परिचय १
१.१ पृष्ठभूमि १
१.२ वस्तुस्थिति विवरण तयारीको आवश्यकता १
१.३ वस्तुस्थिति विवरण तयारीको उद्देश्य २
१.४ वस्तुस्थिति विवरण तयारी विधी तथा प्रक्रिया २
१.४.१ वस्तुगत विवरणको स्तरीय ढाँचा, सूचना व्यवस्थापनका औजार र कार्यविधि स्वीकृती २
१.४.२ तथ्याङ्क व्यवस्थापन औजार तथा सूचना व्यवस्थापन प्रणालीको विकास ३
१.४.३ वस्तुस्थिति विवरण तयारी गोष्ठी तथा कार्ययोजना स्वीकृति ३
१.४.४ सर्वेक्षक तथा सुपरभाइजरको छनौट तथा प्रशिक्षण ४
१.४.५ तथ्याङ्क संकलन ४
१.४.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण ४
१.४.७ वस्तुगत विवरण प्रतिवेदन तयारी, प्रमाणीकरण, प्रकाशन, अद्यावधिक र प्रसारण ५
१.५ सीमा ५
परिच्छेद २: गाउँपालिकाको विद्यमान अवस्था ७
२.१ परिचय ७
२.२ भौगोलिक अवस्थिति ७
२.३ ऐतिहासिक चिनारी तथा नामकरण ७
२.४ राजनीतिक अवस्थिति ८
२.५ धरातलीय अवस्था ८
२.६ भू-उपयोग तथा प्राकृतिक सम्पदा ८
२.७ साँस्कृतिक उत्कृष्टता ९
२.८ विकासका सम्भावना तथा उपलब्धिहरु ९
२.९ गाउँपालिकाको संगठन संरचना तथा मानवीय संसाधन ११
परिच्छेद ३: प्रवृती विश्लेषण १२
३.१ जनसंख्याको अवस्था १२
३.१.१ जनसंख्या वितरणको अवस्था १२
३.१.२ जनघनत्वको अवस्था १३
३.१.३ उमेर तथा लिङ्गका आधारमा जनसंख्या विवरण १३
३.१.४ मातृभाषाको आधारमा जनसंख्या विवरण १४
३.१.५ धर्म अनुसार जनसंख्या विवरण १५
३.१.६ जाति अनुसार जनसंख्या विवरण १६
३.१.७ बसोवासको अवस्था सम्बन्धी विवरण १७
३.१.८ बसोवासको प्रकृति अनुसार घरपरिवार विवरण १७
३.२ प्रमुख आर्थिक विवरण १८
३.२.१ मुख्य पेशासम्बन्धी विवरण १८
३.१.२ प्राविधिक तथा विशेष दक्षता भएका मानव संसाधनको विवरण १९
३.१.३ उद्योग तथा व्यवसाय सम्बन्धी विवरण १९
६.१.४ उद्योग तथा व्यापार दर्ताको अवस्था २०
३.३ कृषि तथा पशु विकास २०
३.३.१ कृषि कार्यमा उपयोग भएको जग्गा र स्वामित्व सम्बन्धी विवरण २०
३.३.२ अन्न, दलहन तथा तेलहनबाली उत्पादन र बिक्री सम्बन्धी विवरण २१
३.३.३ फलफूल, तरकारी, नगदेवाली र मह उत्पादनसम्बन्धी विवरण २२

३.३.४ माछा, मह र रेशम उत्पादन सम्बन्धी विवरण २२
३.३.५ मासुजन्य तथा अन्य पशुपालन तथा उत्पादनको अवस्था २३
३.३.६ पशुपंछीजन्य उत्पादन बिक्री गर्ने घरपरिवारसम्बन्धी विवरण २३
३.३.७ खाद्यान्न प्रर्याप्तताको अवस्था २४
३.३.८ कृषि तथा पशुसेवासँग सम्बन्धित मानव संसाधन २५
३.३.९ कृषि उपजमा लाग्ने रोग किरा २५
३.३.१० पशुपन्छीमा लाग्ने रोग तथा कीरा २५
३.३.११ आधुनिक कृषि तथा पशुपालन (फर्म) सम्बन्धी विवरण २६
३.३.१२ सिंचाई सुविधाको उपलब्धता २६
३.४ पर्यटन विकास २८
३.४.१ पर्यटकीय स्थलहरूको विवरण २८
३.४.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्टसम्बन्धी विवरण २९
३.५ उद्यम, व्यवसाय प्रवर्धन र वित्तीय सेवा ३०
३.५.१ व्यवसायिक सीपमूलक तालिम ३०
३.५.२ बैंङ्क तथा वित्तीय संस्थामा खाता हुने घरपरिवार सम्बन्धी विवरण ३१
३.५.३ वार्षिक आम्दानी अनुसार घरपरिवार विवरण ३२
३.५.४ वार्षिक खर्च अनुसार घरपरिवार विवरण ३२
३.५.५ परिवारको वार्षिक सरदर खर्च विवरण ३३
३.५.६ परिवारको वार्षिक सरदर आम्दानी विवरण ३३
३.५.७ गत १ वर्षमा ऋण लिने घरपरिवार विवरण ३४
३.५.८ ऋण लिने स्थानका आधारमा घरपरिवार संख्या ३४
३.५.९ ऋण लिने प्रयोजनका आधारमा घरपरिवार संख्या ३५
३.५.१० वैंक, वित्तीय तथा सहकारी संस्था सम्बन्धी विवरण ३५
३.५.११ घट्ट, मिल तथा संकलन तथा प्रसोधन सम्बन्धी विवरण ३६
३.६ शैक्षिक अवस्था ३६
३.६.१ शैक्षिक संस्था सम्बन्धी विवरण ३६
३.६.२ साक्षरताको अवस्था ३७
३.६.३ शैक्षिकस्तर अनुसार जनसंख्या विवरण ३८
३.६.४ विद्यालयमा अध्ययन गरीरहेका तहगत छात्रछात्राको विवरण ३८
३.६.५ शिक्षक विवरण ४०
३.६.६ विद्यालयको भौतिक अवस्था ४१
३.६.७ शैक्षिक गुणस्तर विवरण ४२
३.६.८ बाल विकास केन्द्रको विवरण ४३
३.७ स्वास्थ्य तथा पोषण ४३
३.७.१ स्वास्थ्य संस्थाको विवरण ४३
३.७.२ स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सेवा विवरण ४४
३.७.३ स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण ४४
३.७.४ खोप सम्बन्धी विवरण ४५
३.७.५ सुरक्षित मातृत्वसम्बन्धी विवरण ४६
३.७.६ पोषणको अवस्था ४६
३.७.७ परिवार नियोजनको अवस्था ४८
३.७.८ प्रमुख रोगहरू र तिनको उपचार सम्बन्धी विवरण ४८
३.७.९ मृत्यु हुने कारण सम्बन्धी विवरण ५०
३.७.१० जनसंख्याको स्वास्थ्य अवस्था ५०

३.७.११ स्वास्थ्य तथा अन्य बिमा सम्बन्धी विवरण.....५०
३.८ खानेपानी तथा सरसफाइ.....५१
३.८.१ खानेपानीको स्रोतको आधारमा घरपरिवार.....५१
३.८.२ शौचालय प्रयोगको अवस्था ५२
३.९ युवा तथा खेलकुद र मनोरञ्जन ५३
३.९.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जन स्थलसम्बन्धी विवरण ५३
३.९.२ स्थानीय चाडपर्व, जात्रा र मेला ५३
३.१० भौतिक विकासको अवस्था ५३
३.१०.१ सडक तथा यातायात ५३
३.१०.२ पैदल मार्ग ५४
३.१०.३ गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधन ५५
३.१०.४ पुल तथा पुलेसा ५५
३.११ विद्युत तथा वैकल्पिक उर्जा ५६
३.११.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार) ५६
३.११.२ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार ५७
३.१२ सञ्चार तथा प्रविधि ५८
३.१२.१ आधुनिक सुविधामा पहुँच सम्बन्धी विवरण ५८
३.१३ आवास तथा भवन ५८
३.१३.१ बसोबास गर्ने घरको स्वामित्व विवरण.....५९
३.१३.२ घरको जगको आधारमा घरपरिवार ५९
३.१३.३ छानोको प्रकारका आधारमा घरधुरी ६०
३.१३.४ भवन मापदण्ड तथा भूकम्प प्रतिरोधी घरको विवरण.....६०
३.१३.५ भुकम्पबाट घर क्षति भएको विवरण..... ६१
३.१३.६ भुकम्पबाट घर क्षति भएका घरपरिवारले अनुदान सम्बन्धी विवरण..... ६१
३.१३.७ भुकम्पबाट घर क्षति भएका घरपरिवारको अनुदानले घर निर्माण सम्बन्धी विवरण ६२
३.१३.८ भुकम्पबाट घर क्षति भएका घरपरिवारले प्राप्त अनुदान किस्ताको विवरण ६२
३.१३.९ घर संख्याका आधारमा घरपरिवार विवरण ६३
३.१३.१० सार्वजनिक तथा सामुदायिक भवन ६३
३.१३.११ सरकारी भवन ६४
३.१४ वन, जैविक विविधता तथा वातावरणीय अवस्था ६५
३.१४.१ वन क्षेत्रको अवस्था.....६५
३.१४.२ जडिबुटीको विवरण.....६५
३.१५ विपद् जोखिम तथा व्यवस्थापन ६५
३.१५.१ विपद्को प्रभाव.....६५
३.१५.२ विपद्को किसिम अनुसार जोखिमको समय ६६
६.१५.३ जोखिमयुक्त (संवेदनशील) स्थानमा बसोबास गरेका परिवार विवरण ६६
६.१५.४ कोभिड १९ बाट प्रभावित घरपरिवार तथा जनसंख्या ६७
६.१५.५ कोभिड १९ को कारण उद्योग व्यवसायमा परेको प्रभाव ६८
६.१५.६ कोभिड १९ का कारण उत्पादन तथा विक्री वितरणमा परेको प्रभावको अवस्था ६८
३.१५.७ कोभिड १९ को असर, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी विवरण ६९
३.१६ संस्थागत विकास र सुशासन ६९
३.१६.१ गाउँपालिकाको विषयगत शाखा तथा मानव संशाधनको अवस्था ..... **ङ्कचचद्वच! ख्द्धद्वण□कचण थद्व□ घङ्गद्दञथङ्गघ.**
३.१६.२ गाउँपालिकाको स्थानीय चुनावमा निर्वाचित पदाधिकारी विवरण.....६९

३.१६.३ गाउँपालिकामा कार्यरत मानव संशाधनको विवरण ७०
३.१६.४ गाँउपालिका, सरकारी कार्यालय तथा निकायहरू ७२
३.१६.५ सामुदायिक संस्था सम्बन्धी विवरण ७२
३.१६.६ कृषक तथा उद्यमी तथा बचत समूहको विवरण ७३
३.१६.७ ऐन, नीति, नियम र कार्यप्रणाली ७४
परिच्छेद ४: विषय क्षेत्र वस्तुस्थिति विश्लेषण ७७
४.१ आर्थिक विकास ७७
४.१.१ कृषि तथा खाद्य सुरक्षा ७७
४.१.२ सिंचाई ७८
४.१.३ पशु विकास ७८
४.१.४ उद्योग, व्यापार तथा व्यवसाय ७९
४.१.५ आय तथा रोजगारी ८०
४.१.६ बैंक तथा वित्तीय सेवा एवं सहकारी ८०
४.२ सामाजिक विकास ८१
४.२.१ शिक्षा तथा मानव संशाधन ८१
४.२.२ स्वास्थ्य तथा पोषण ८३
४.२.३ खानेपानी तथा सरसफाई ८५
४.२.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण ८५
४.२.५ युवा तथा खेलकूद विकास ८६
४.३ पूर्वाधार विकास ८७
४.३.१ आवास, वस्ती विकास, भवन र शहरी विकास ८७
४.३.२ सडक, यातायत र पुल ८८
४.३.३ विद्युत तथा वैकल्पिक उर्जा ८९
४.३.४ सुचना तथा संचार प्रविधि ९०
४.४ वन वातावरण तथा विपद् व्यवस्थापन ९०
४.४.१ वन तथा जैविक विविधता ९०
४.४.२ भुमी तथा जलाधार व्यवस्थापन ९२
४.४.३ वातावरण तथा स्वच्छता ९३
४.४.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्त अनुकुलन ९४
४.५ संस्थागत विकास तथा सुशासन ९५
४.५.१ गाउँपालिका कानुन, नीति, नियम र सुशासन ९५
४.५.२ संगठन तथा संस्थागत क्षमता विकास ९६
४.५.३ श्रोत परिचालन ९७
४.५.४ विकास व्यबस्थापन ९७
परिच्छेद ५: लैंगिक तथा गरिबी विश्लेषण ९९
५.१ घरमुली सम्बन्धी विवरण ९९
५.२ अपाङ्गता भएका व्यक्ति सम्बन्धी विवरण ९९
५.३ अनौपचारिक क्षेत्रमा संलग्न जनसंख्या १००
५.४ वैवाहिक स्थिति तथा सामाजिक रुपमा जोखिम रहेका जनसंख्या १००
५.५ बालवालिकाहरुको जन्मदर्ताको अवस्था १०१
५.६ बालविवाहको अवस्था १०१
५.७ सुकुम्वासी सम्बन्धी विवरण १०२
५.८ व्यक्तिगत घटना विवरण (आ.ब. २०७७/७८ दर्ता भएका विवरण अनुसार) १०२
५.९ सामाजिक सुरक्षा कार्यक्रम विवरण (आ.ब. २०७७/७८) १०३

अनुसूची १०४
अनुसूची १ : गाउँपालिकाको तथ्याङ्क संकलन कर्ताहरुको विवरण १०४
अनुसूची २ : गाउँपालिकामा विगत ४ आ.व.मा दर्ता भएका व्यवसायको विवरण १०५
अनुसूची ३ : बैंक तथा सहकारी संस्थाको विवरण १५९
अनुसुची ४ : तहगत शिक्षक विवरण र विद्यार्थी संख्या १६१
अनुसुची ५ : विद्यालयको भौतिक अवस्था..... १६४
अनुसूची ६ : सडक मार्ग/सञ्जालको विद्यमान अवस्था.....१६७
अनुसूची ७ : सार्वजनिक तथा सामुदायिक भवनको विवरण १७०
अनुसूची ८ : गाँउपालिकाभित्र रहेका सामुदायिक तथा कबुलियति वनको विवरण १७२
अनुसूची ९ : आमा महिला समूह, बचत तथा परम्परागत समूहको विवरण १७६

तालिका सूची

तालिका १: पुनसंरचित गाउँपालिको वडागत विवरण ७
तालिका २: भरातलिय अवस्था ८
तालिका ३: भू-उपयोग तथा प्राकृतिक सम्पदा ८
तालिका ४: पशुपन्छीमा विकासको प्रमुख सम्भावनाहरू ९
तालिका ५: जनसंख्या वितरणको अवस्था १२
तालिका ६: जनघनत्वको अवस्था १३
तालिका ७: उमेर तथा लिंगको आधारमा जनसंख्या विवरण १३
तालिका ८: मातृभाषा अनुसार जनसंख्याको विवरण १४
तालिका ९: धर्म अनुसार जनसंख्या विवरण १५
तालिका १०: जातिगत आधारमा जनुंख्याको विवरण १६
तालिका ११: बसोबासको अवस्था सम्बन्धी विवरण १७
तालिका १२: बसोबासको प्रकृति अनुसार घरपरिवार विवरण १८
तालिका १३: मुख्य पेशासम्बन्धी विवरण १८
तालिका १४: प्राविधिक तथा विशेष दक्षता भएका मानव संसाधनको विवरण १९
तालिका १५: उद्योग तथा व्यवसाय सम्बन्धी विवरण २०
तालिका १६: उद्योग तथा व्यापार दर्ता निकायको विवरण २०
तालिका १७: कृषि कार्यमा उपयोग भएको जग्गा र स्वामित्व सम्बन्धी विवरण २१
तालिका १८: अन्न तथा दलहन बाली उत्पादन र बिक्री सम्बन्धी विवरण २१
तालिका १९: फलफूल, तरकारी, नगदेबाली र मह उत्पादन सम्बन्धी विवरण २२
तालिका २०: माछा, मह र रेशम उत्पादनसम्बन्धी विवरण २२
तालिका २१:मासुजन्य तथा श्रमजन्य पशुपालनको अवस्था २३
तालिका २२: पशुपंछीजन्य उत्पादन बिक्री गर्ने घरपरिवार सम्बन्धी विवरण २३
तालिका २३: खाद्यान्न प्रर्याप्तताको अवस्था २४
तालिका २४: कृषि तथा पशुसेवासँग सम्बन्धित मानव संसाधन २५
तालिका २५: कृषि उपजमा लाग्ने रोग तथा कीरा २५
तालिका २६: पशुपन्छीमा लाग्ने रोग तथा कीरा २५
तालिका २७: आधुनिक कृषि तथा पशुपालनसम्बन्धी विवरण २६
तालिका २८: सिंचाई सुविधाको विवरण २६
तालिका २९: पर्यटकीय स्थलहरूको विवरण २८
तालिका ३०: होटल, रिसोर्ट तथा रेष्टुरेन्टसम्बन्धी विवरण २९
तालिका ३१: व्यवसायिक सीपमूलक तालिम लिने जनसंख्याको विवरण ३१
तालिका ३२: बैंङ्क तथा वित्तीय संस्थामा खाता हुने घरपरिवार सम्बन्धी विवरण ३१
तालिका ३३: वार्षिक आम्दानी अनुसार घरपरिवार विवरण ३२
तालिका ३४: वार्षिक खर्च अनुसार घरपरिवार विवरण ३२
तालिका ३५: खर्च शिर्षक अनुसार सरदर वार्षिक खर्च(रु. हजारमा) ३३
तालिका ३६: परिवारको वार्षिक सरदर आम्दानी विवरण ३३
तालिका ३७: वर्षमा ऋण लिने घरपरिवार विवरण ३४
तालिका ३८: ऋण लिएको आधारमा घरपरिवार संख्या ३४
तालिका ३९: ऋण लिने प्रयोजनका आधारमा घरपरिवार संख्या ३५
तालिका ४०: बैंक तथा सहकारी संस्थाको विवरण ३५

□

तालिका ४१: घट्ट, मिल तथा संकलन तथा प्रसोधन सम्बन्धी विवरण ३६
तालिका ४२: शैक्षिक संस्था सम्बन्धी विवरण ३६
तालिका ४३: पौढ साक्षरताको अवस्था ३७
तालिका ४४: शैक्षिकस्तर अनुसार जनसंख्या विवरण ३८
तालिका ४५: विद्यालयमा अध्ययन गरीरहेका तहगत छात्रछात्राको विवरण ३९
तालिका ४७: विद्यालयमा उपलब्ध भौतिक सुविधाको विवरण ४१
तालिका ४८: बाल विकास केन्द्रको विवरण ४३
तालिका ४९:स्वास्थ्य संस्थाको विवरण ४३
तालिका ५०:स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सेवा विवरण ४४
तालिका ५१:स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण ४४
तालिका ५२: खोप तथा पोषणसम्बन्धी विवरण ४५
तालिका ५३:सुरक्षित मातृत्वसम्बन्धी विवरण ४६
तालिका ५४: पोषणको अवस्था ४७
तालिका ५५: परिवार नियोजनको अवस्था ४८
तालिकद्द ५६: प्रमुख रोगहरू र तिनको उपचार सम्बन्धी विवरण ४८
तालिका ५७: मृत्यु हुने कारणसम्बन्धी विवरण ५०
तालिका ५८: परिवारका सदस्यहरूको स्वास्थ्य अवस्था ५०
तालिका ५९: स्वास्थ्य तथा जिवन बिमा सम्बन्धी विवरण ५१
तालिका ६०: खानेपानीको स्रोतको आधारमा घरपरिवार ५१
तालिका ६१: शौचालय प्रयोगको अवस्था ५२
तालिका ६२: खेलमैदान, पार्क, पिकनिक तथा मनोरञ्जन स्थल सम्बन्धी विवरण ५३
तालिका ६३:स्थानीय चाडपर्व, जात्रा र मेला ५३
तालिका ६४:सडक मार्ग/सञ्जालको विद्यमान अवस्था ५४
तालिका ६५: पैदल मार्ग विवरण ५४
तालिका ६६: गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधन ५५
तालिका ६७: पुल तथा पुलेसा ५५
तालिका ६८: घरपरिवार अनुसार इन्धन उपयोग विवरण ५६
तालिका ६९: बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार ५७
तालिका ७०: आधुनिक सुविधामा पहुँच सम्बन्धी विवरण ५८
तालिका ७१:: आवासमाथिको स्वामित्वका आधारमा घरपरिवार विवरण ५९
तालिका ७२: घरको जगको आधारमा घरपरिवार ५९
तालिका ७३: छानोको प्रकारका आधारमा घरपरिवार ६०
तालिका ७४: भवन मापदण्ड तथा भूकम्प प्रतिरोधी घरको विवरण ६०
तालिका ७५: २०७२ को भुकम्पबाट घर क्षति भएको विवरण ६१
तालिका ७६: २०७२ को भुकम्पबाट घर क्षति भएका घरपरिवारले अनुदान सम्बन्धी विवरण ६१
तालिका ७७: : अनुदानले घर निर्माण सम्बन्धी विवरण ६२
तालिका ७९: भुकम्पबाट घर क्षति भएका घरपरिवारले प्राप्त अनुदान किस्ताको विवरण ६३
तालिका ८०: घर संख्याका आधारमा घरपरिवार विवरण ६३
तालिका ८१:सार्वजनिक तथा सामुदायिक भवन ६४
तालिका ८२:सरकारी भवन ६४
तालिका ८३: वन क्षेत्रको अवस्था ६५

तालिका ८४: विगत पाँच वर्षमा प्रकोपबाट पिडितहरुको विवरण र क्षति रकम .....टट
तालिका ८५: विपद्को किसिम अनुसार जोखिमको समय.....६६
तालिका ८६: जोखिमयुक्त (संवेदनशील) स्थानमा बसोबास गरेका परिवार विवरण.....६६
तालिका ८७: कोभिड १९ को कारण रोजगारी गुमाएका घरधुरी तथा जनसंख्या विवरण ६७
तालिका ८८: कोभिड १९ को कारण उद्योग व्यवसायमा परेको प्रभावको विवरण..... ६८
तालिका ८९: कोभिड १९ का कारण उत्पादन तथा विक्री वितरणमा परेको प्रभावको विवरण ६८
तालिका ९०: कोभिड १९ प्रत्यक्ष असर र राहत तथा उचार सम्बन्धी विवरण.....६९
तालिका ९१: गाउँपालिकाको स्थानीय चुनावमा निर्वाचित पदाधिकारी विवरण.....६९
तालिका ९२: गाउँपालिका मा कार्यरत मानव संशाधनको विवरण..... ७०
तालिका ९३: गाउँपालिका, सरकारी कार्यालय तथा निकायहरू ७२
तालिका ९४: वडा अनुसार संघ संस्थाहरु ७२
तालिका ९६: कृषक तथा उद्यमी तथा बचत समूहको विवरण ७३
तालिका ९७: स्वीकृत स्थानीय ऐन, नीति, नियम, कार्यविधि र निर्देशिका ७४
तालिका ९९: कृषि क्षेत्रको वस्तुस्थिति विश्लेषण ७७
तालिका १००: सिँचाई क्षेत्रको वस्तुस्थिति विश्लेषण..... ७८
तालिका १०१: पशु विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण..... ७८
तालिका १०२: उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रको वस्तुस्थिति विश्लेषण..... ७९
तालिका १०३: आय तथा रोजगारी क्षेत्रको वस्तुस्थिति विश्लेषण..... ८०
तालिका १०४: बैंक तथा वित्तीय एवं सहकारी क्षेत्रको वस्तुस्थिति विश्लेषण..... ८०
तालिका १०५: शिक्षा तथा मानव संशाधन विकास सम्बन्धी वस्तुस्थिति विश्लेषण..... ८१
तालिका १०६:स्वास्थ्य र पोषण सम्बन्धी वस्तुस्थिति विश्लेषण..... ८३
तालिका १०७: खानेपानी तथा सरसफाई सम्बन्धी वस्तुस्थिति विश्लेषण ८५
तालिका १०८: लक्षित वर्ग तथा सामाजिक समावेशीकरण विकास सम्बन्धी वस्तुस्थिति विश्लेषण ८५
तालिका १०९: युवा तथा खेलकुद विकास सम्बन्धी वस्तुस्थिति विश्लेषण ८६
तालिका ११०: आवास, भवन तथा बजार सम्बन्धी वस्तुस्थिति विश्लेषण..... ८७
तालिका १११:सडक, यातायत र पुल सम्बन्धी वस्तुस्थिति विश्लेषण ८८
तालिका ११२: विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी वस्तुस्थिति विश्लेषण..... ८९
तालिका ११३:सुचना र संचार प्रविधि सम्बन्धी वस्तुस्थिति विश्लेषण..... ९०
तालिका ११४: वन तथा जैविक विविधता सम्बन्धी वस्तुस्थिति विश्लेषण ९१
तालिका ११५: भुमी तथा जलाधार व्यवस्थापन सम्बन्धी वस्तुस्थिति विश्लेषण ९२
तालिका ११६: वातावरण तथा स्वच्छता सम्बन्धी वस्तुस्थिति विश्लेषण.....९३
तालिका ११७: विपद् व्यस्थापन तथा जलवायु परिवर्त सम्बन्धी वस्तुस्थिति विश्लेषण ९४
तालिका ११८: कानुन, नीति, नियम र सुशासन सम्बन्धी वस्तुस्थिति विश्लेषण..... ९५
तालिका ११९:संस्थागत क्षमता विकास सम्बन्धी वस्तुस्थिति विश्लेषण.....९६
तालिका १२०: श्रोत परिचालन सम्बन्धी वस्तुस्थिति विश्लेषण ९७
तालिका १२१: विकास व्यवस्थापनक सम्बन्धी वस्तुस्थिति विश्लेषण ९७
तालिका १२२: महिला घरमुली विवरण..... ९९
तालिका १२३: अपाङ्गता भएका व्यक्ति सम्बन्धी विवरण.....१००
तालिका १२४: अनौपचारिक क्षेत्रमा संलग्न जनसंख्याको विवरण.....१००
तालिका १२५: वैवाहिक स्थिति विवरण.....१०१
तालिका १२६: १) वर्ष मुनीका बालवालिकाहरुको जन्मदर्ताको अवस्था विवरण १०१

तालिका १२७: बालविवाहको अवस्था १०१
तालिका १२८: सुकुम्बासी सम्बन्धी विवरण १०२
तालिका १२९: व्यक्तिगत घटना दर्ता विवरण.....१०२
तालिका १३०:सामाजिक सुरक्षा कार्यक्रम विवरण (रकम रु. हजारमा).....१०३

□ञञञ

परिच्छेद १: परिचय

१.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरु तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार स्थानीय तहको दीर्घकालीन, आवधिक तथा विषय क्षेत्रगत रणनीतिक/गुरुयोजना तथा बार्षिक योजना तर्जुमा र नतिजा अनुगमनको लागि क्षेत्रगत स्थितिसहित स्थानीय तहको वस्तुस्थिति विवरण तयार गर्नु पर्ने आवश्यकता रहेको छ । उक्त विवरणमा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास सम्बन्धी तथ्याङ्कको विश्लेषण र प्रस्तुती समावेश गर्न आवश्यक छ ।

१.२ वस्तुस्थिति विवरण तयारीको आवश्यकता

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संविधानले एकल अधिकारको रुपमा स्थानीय तथ्याङ्क व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकार सूचीको क्रम संख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रम संख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ ।

स्थानीय तहको योजना तर्जुमा कार्यलाई सहयोग पुऱ्याउन नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले स्थानीय तहले आवधिक योजना तथा विषय क्षेत्रगत रणनीतिक योजना र बार्षिक बजेट तथा योजना तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक, वातावरण एव्म जलजायु जोखिम तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुस्थिति विवरण (Profile) तयार वा अद्यावधिक गर्नु पर्नेछ र सो विवरणलाई सम्भव भएसम्म नक्शामा प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकारले गाउँपालिका/नगरपालिकाको समग्र वस्तुस्थिति झल्किने गरी सूचना प्रविधिमा आधारित वस्तुस्थिति विवरण (Profile) तयार तथा अद्यावधिक गर्न स्तरीय ढाँचा समेतको कार्यविधि उपलब्ध गराएको छ । उक्त कार्यविधिमा आधारित भई तयार हुने वस्तुस्थिति विवरणले स्थानीय तहमा तर्जुमा हुने योजनाका लागि सूचनाको महत्वपूर्ण आधार तयार गर्नेछ । स्थानीय तहको सूचना तथा प्रविधिमा आधारित वस्तुस्थिति विवरणले नीति निर्माण, योजना तर्जुमा, प्रक्रिया तथा नतिजा अनुगमन र प्रभाव लेखाजोखा गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ ।

उपलब्ध कानूनी तथा नीतिगत व्यवस्था अनुसार सरोकारवालासँगको परामर्शको आधारमा सहभागितामूलक रुपमा तयार तथा अद्यावधिक गरिने वस्तुस्थिति विवरणले गाउँपालिकाको सेवा प्रवाह, आन्तरिक स्रोत परिचालन, योजनावद्ध विकास तथा विकास उपलब्धीको मापनमा टेवा पुऱ्याउने छ । संघीय शासन प्रणाली अनुसार स्थापित स्थानीय सरकार निर्वाचित पदाधिकारीहरुलाई जनतासँग व्यक्त गरेको प्रतिवद्धता पुरा गर्न तथा नतिजामूलक विकासका लागि सूचनामा आधारित योजना तर्जुमा तथा उपलब्धि मापन गर्न आवश्यक छ । स्थानीय तहको योजना तथा विकास प्रक्रियालाई योजनाबद्ध विकास (Planned Development) र नतिजामुलक व्यवस्थापन (Result-Based Management) को अवधारणा अनुसार सञ्चालन गर्नुपर्ने आवश्यकता समेत रहेको छ । यिनै आवश्यकता र चुनौतिहरुको परिपुर्ति गर्न सूचनामा आधारित नीति,

निर्णय र योजना तर्जुमा तथा कार्यान्वयन र नतिजा मापन गरी समानुपातिक र सिघ्र लाभदायी विकास उपलब्धिका लागि वस्तुस्थिति विवरण आवश्यक छ ।

उपरोक्त संवैधानिक व्यवस्था र अधिकारको व्याख्या अनुसार सूचना प्रविधिमा आधारित तथ्याङ्क संकलन, भण्डारण, प्रशोधन र विश्लेषण प्रणालीको आधारमा वेनीघाट रोराङ गाउँपालिकाको विस्तृत र खण्डिकृत सूचनाको आधार सहितको वस्तुस्थिति विवरण तयार गरिएको छ । यसरी तयार वस्तुगत विवरणले गाउँपालिकाको कार्य सम्पादन, सेवा प्रवाह, राजस्व व्यवस्थापन तथा योजना तर्जुमाका लागि सूचनाको आधार तयार गर्नुका साथै गाउँपालिकाको समग्र विकास गतिविधिलाई अझै बढी प्रभावकारी गराउन उपयोगी हुनेछ ।

१.३ वस्तुस्थिति विवरण तयारीको उद्देश्य

गाउँपालिकाको वस्तुस्थिति विवरण तयारीको उद्देश्यहरु देहायअनुसार रहेका छनः

- सूचना प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन (संकलन, प्रशोधन, भण्डारण तथा एकीकृत प्रतिवेदन)को विधि, प्रक्रिया तथा औजार अभ्यास गरी स्थानीय तहको स्तरीकृत तथ्याङ्कीय आधार तयार गर्ने,
- गाउँपालिका क्षेत्रको जनसांख्यिक, भू-जैविक, भौतिक, मानवीय, आर्थिक, सामाजिक, वातावरण र संस्थागत विकास क्षेत्रको वस्तुगत स्थिति चित्रण गर्ने,
- गाउँपालिकाको विकासका संभावना, अवसर, समस्या र चुनौतिको पहिचान गर्ने सूचनाको आधार तयार गर्ने,
- गाउँपालिकाको सेवा प्रवाह, स्रोत परिचालन र विकास निर्माण कार्यका लागि आवश्यक वस्तुगत तथा विषय क्षेत्रगत सूचना उपलब्ध गराउने ,
- गाउँपालिकाको आवधिक, विषय क्षेत्रगत रणनीतिक तथा दीर्घकालिन योजना, मध्यमकालीन खर्च संरचना तथा बार्षिक योजना र बजेट तर्जुमा र अनुगमन तथा मूल्याङ्कनको लागि विषयगत र खण्डीकृत सूचना विवरण उपलब्ध गराउने,

१.४ वस्तुस्थिति विवरण तयारी विधी तथा प्रक्रिया

गाउँपालिकाको वस्तुस्थिति विवरण देहायअनुसार चरणबद्ध, व्यवस्थित र सहभागितामूलक रुपमा तयार गरिएको छ :

चित्र नं. १: गाउँपालिका वस्तुस्थिति विवरण तयारीका चरणहरु

७. वस्तुस्थिति विवरण तयारी र प्रकाशन	सातौ चरण
६. वस्तुस्थिति विवरण प्रमाणीकरण कार्यशाला	छैठौं चरण
५. वस्तुस्थिति विवरण मस्यौदा तयारी	पाँचौ चरण
४. तथ्याङ्क विश्लेषण, प्रस्तुती तथा श्रोत नक्शा तयारी	चौथो चरण
३. सर्वेक्षण वा तथ्याङ्क संकलन	तेश्रो चरण
२. वस्तुस्थिति विवरण तयारी गोष्ठी तथा कार्य योजना स्वीकृति	दोश्रो चरण
१. वस्तुस्थिति विवरण ढाँचा, सर्वेक्षण औजार तथा विधि स्वीकृती	पहिलो चरण

१.४.१ वस्तुगत विवरणको स्तरीय ढाँचा, सूचना व्यवस्थापनका औजार र कार्यविधि स्वीकृती

वस्तुस्थिति विवरण तयारीका लागि नेपाल सरकारबाट उपलब्ध स्तरीय ढाँचा, सूचना व्यवस्थापन प्रणाली र तयारी कार्यविधिको आधारमा स्थानीय परिवेश, विशिष्टता र आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट सर्वेक्षण औजार र सूचना व्यवस्थापन प्रणाली र तयारी विधि तय गरियो । सो अनुसार गाउँ कार्यपालिकाको

नेतृत्व र सरोकारवालाको सहयोगमा विस्तृत तथा खण्डीकृत सूचनाको आधार सहितको वस्तुस्थिति विवरण तयारीका लागि स्रोत साधन जुटाउने, तथ्याङ्क संकलन कार्यका लागि सर्वेक्षक परिचालन गर्ने, तथ्याङ्क संकलन कार्यमा वडा समिति तथा कार्यालय, विषयगत शाखा र सरोकारवालाको सहभागिता र तथ्याङ्क संकलन कार्यको अनुगमन तथा गुणस्तर सुनिश्चिता गर्ने सम्बन्धमा गाउँ कार्यपालिकाबाट आवश्यक निर्णय गरियो ।

१.४.२ तथ्याङ्क व्यवस्थापन औजार तथा सूचना व्यवस्थापन प्रणालीको विकास

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि र राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम तथ्याङ्क व्यवस्थापन प्रणालीका आधारमा तथ्याङ्क संकलन, विश्लेषण, प्रस्तुती र अद्यावधिक सम्बन्धी औजार तथा सूचना व्यवस्थापन प्रणाली तयार गरियो । उपरोक्त बमोजिम तयार तथ्याङ्क व्यवस्थापनका औजार तथा सूचना व्यवस्थापन प्रणाली देहायअनुसार रहेको छ ।

क. तथ्याङ्क संकलन औजार

- पारिवारिक सर्वेक्षण फाराम तथा मोवाइल एप्लीकेशन,
- संस्थागत तथा सहभागितामूलक सर्वेक्षण औजार तथा एप्लीकेशन,
- सार्वजनिक श्रोत साधन, पूर्वाधार र सेवा केन्द्र आदिको नक्शाङ्कन,

ख. वस्तुस्थिति विवरण तयारी विधि तथा प्रक्रिया,

ग. स्थानीय सरकारको प्रोफाइल सूचना व्यवस्थापन प्रणाली

- तथ्याङ्क संकलन औजार/एप्लीकेशन,
- तथ्याङ्क प्रशोधन, प्रस्तुती र अद्यावधिक औजार
- वस्तुस्थिति विवरणको दस्तावेज तयारी

१.४.३ वस्तुस्थिति विवरण तयारी गोष्ठी तथा कार्ययोजना स्वीकृति

गाउँ कार्यपालिकाको आयोजनामा कार्यपालिकाका पदाधिकारी, कर्मचारी र स्थानीय सरोकारवाला बीच साझा बुझाई र धारणा बनाउन तथा वस्तुस्थिति विवरण तयारी कार्ययोजना तयारी गर्न २०७७ साल फल्गुण ४ गते एक दिवसीय गाउँपालिका स्तरीय वस्तुस्थिति विवरण तयारी कार्याशाला आयोजना गरियो । आवधिक योजना तयारी कार्यशालासँग समायोजन गरी आयोजना गरिएको थियो । गाउँपालिकाका अध्यक्ष श्री पित्त वहादुर डल्लाकोटीको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यशालामा गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्य, कार्यालयका शाखा प्रमुख, वडा सचिव तथा स्थानीय संघ/संस्थाका प्रतिनिधि समेत ३८ जनाको उपस्थिति रहेको थियो । उक्त कार्यशालामा देहायमा उल्लेखित विषयवस्तु बारे जानकारी, छलफल र अनुमोदन गरियो:

- वस्तुस्थिति विवरणको ढाँचा, सर्वेक्षण औजार तथा तयारी विधि,
- तथ्याङ्क संकलन, विश्लेषण र प्रस्तुती एवम् स्थानीय सरकार प्रोफाइल सूचना व्यवस्थापन प्रणाली,
- घरपरिवार सर्वेक्षण, संस्थागत सर्वेक्षण र अभिलेख संकलन तथा श्रोत नक्शा सम्बन्धी विवरण संकलन,
- सर्वेक्षक एवं सुपरभाइजरको योग्यता र अनुभव, संख्या, छनौट, तालिम, परिचालन र अनुगमन प्रक्रिया,
- वस्तुस्थिति विवरण तयारी सम्बन्धी संयन्त्र तथा सरोकारवालाको जिम्मेवारी, भूमिका तथा प्रतिवद्धता,
- वस्तुस्थिति विवरण तयारी कार्ययोजना सम्बन्धी प्रस्तुति, छलफल तथा स्वीकृति,

- वस्तुस्थिति विवरण तयारी सम्बन्धी प्राविधिक सहयोग, संरचना र कार्यविवरण ।

१.४.४ सर्वेक्षक तथा सुपरभाइजरको छनौट तथा प्रशिक्षण

अभिमुखिकरण कार्यक्रमको छलफल तथा कार्ययोजना अनुसार गाउँपालिकाबाट १६ सर्वेक्षक छनौट गरी स्वीकृत प्रश्नावली वा मोबाईल एप्स्को प्रयोग, संकलन विधि र प्रक्रियाको वारेमा २०७७ चैत्र १० गते अनुशिक्षण कार्यक्रम सञ्चालन गरियो । उक्त तालिम कार्यक्रममा गाउँ कार्यपालिका र वडा कार्यालयका कर्मचारी समेत पारिवारिक विवरण, संस्थागत अभिलेख संकलन तथा सहभागितामूलक सर्वेक्षण कार्यका लागि छनौट गरिएका १६ जना (२ जना संस्थागत सहित) सर्वेक्षकहरुको सहभागिता रहेको थियो । तथ्याङ्क संकलनमा सहभागि सर्वेक्षकको विवरण यस दस्तावेजको **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

१.४.५ तथ्याङ्क संकलन

गाउँपालिका क्षेत्रको वस्तुस्थिति झल्कने र स्थानीय नीति, योजना, अनुगमन तथा प्रगति मापनका आधार तयार गर्नको लागि आवश्यक पर्ने विषय क्षेत्रको तथ्याङ्क देहाय अनुसारको ३ तरिकाबाट संकलन गरियो । जसको विवरण देहायअनुसार रहेको छ:

१. **पारिवारिक सर्वेक्षण:** नेपाल सरकारबाट उपलब्ध स्थानीय तहको वस्तुस्थिति विवरण कार्यविधिमा आधारित भई स्थानीय आवश्यकता र विशेषता अनुसार सर्वेक्षण प्रश्नावली तथा फाराम परिमार्जन गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गरियो । स्वीकृत पारिवारिक सर्वेक्षण सम्बन्धी प्रश्नावलीलाई एप्स् (Apps) बनाई मोबाईल वा ट्यावलेटमा राखेर छनौट गरिएका गणकहरु मार्फत पारिवारिक विवरण सम्बन्धी तथ्याङ्क संकलन गरियो ।

२. **संस्थागत सर्वेक्षण:** नेपाल सरकारबाट उपलब्ध वस्तुस्थिति विवरण तयारी कार्यविधिमा आधारित भई स्थानीय आवश्यकता र विशेषता अनुसार तयार गरिएको संस्थागत सर्वेक्षण प्रश्नावली सहभागितामूलक छलफल तथा अभिलेख अध्ययनबाट संस्थागत सूचना संकलन गरियो । यसका लागि विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र, विषयगत शाखा तथा एकाई, वडा कार्यालय, उद्योग वाणिज्य संघ र गैसस तथा समुदायमा आधारित संस्था आदीको अभिलेख तथा सम्बन्धित पक्षसँग छलफल, समूहगत छलफल र जानकार व्यक्तिसँग अन्तरवार्ताको विधि प्रयोग गरिएको थियो ।

३. **श्रोत नक्शाको लागि सूचना संकलन तथा नक्शा तयारी:** वस्तुस्थिति विवरण तयारी प्राविधिक सहयोग टोलीका भौगोलिक सूचना प्रणाली विज्ञहरुको सहयोगमा वडा समितिका पदाधिकारी र स्थानीय जानकार व्यक्ति तथा श्रोत व्यक्तिको सहभागितामा बाटो, पुल, खोला, नदी, पोखरी, चरन क्षेत्र, कटान क्षेत्र, विद्यालय, स्वास्थ्य संस्था, श्रोत केन्द्र, सेवा केन्द्र, संघ/संस्था अवस्थितिको विवरण संकलन गरी GIS मा आधारित विभिन्न श्रोत नक्शा तयार गरियो र जसलाई वस्तुस्थिति विवरणमा समावेश गरिएको छ । यसबाट वस्तुस्थिति विवरणको लागि थप सूचना समेत प्राप्त भएको थियो ।

१.४.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण

माथि बुँदा १.४.५ उल्लेख भए बमोजिम तीन तहको सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई देहायअनुसारको माध्यम तथा विधिबाट विश्लेषण गरियो:

स्थानीय तहको प्रोफाईल सूचना व्यवस्थापन प्रणाली तयारी : पारिवारिक सर्वेक्षण, संस्थागत सूचना र श्रोत नक्शाको सूचनाको आधारमा आवश्यकता अनुसार सूचना प्राप्त तथा अद्यावधिक गर्न सक्ने गरी स्थानीय तहको प्रोफाईल सूचना व्यवस्थापन प्रणाली तयार गरिएको छ ।

तथ्याङ्क विश्लेषण तथा स्थानगत र विषय क्षेत्र सूचनाको विवरण तयारी: स्थानीय तह प्रोफाईल सूचना व्यवस्थापन प्रणालीबाट संकलन गरिएको तथ्याङ्क विश्लेषण गरी स्थानगत र विषय क्षेत्र सूचनाको विवरण

तयार गरिएको छ । उक्त विवरणलाई आवश्यकता अनुसार थप विश्लेषण गरी सूचना व्यवस्थापन प्रणाली तथा हार्डकपीमा प्रस्तुत गरिएको छ ।

भौतिक श्रोत साधनको नक्शाङ्कन : गुगल Earth बाट सहभागितामूलक रुपमा संकलन गरिएको सूचनाको आधारमा श्रोत नक्शा तयार गरिएको छ । जसलाई npgp.softwel.com.np मा लगइन गरी हेर्न तथा प्राप्त गर्न सकिने छ ।

वस्तुस्थिति विवरण दस्तावेज तयारी : स्थानीय तहको प्रोफाईल सूचना व्यवस्थापन प्रणालीबाट सवै सूचनाको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ । यसलाई https://lgprofile.robustitconcepts.com मा लगइन गरी गाँउपालिकाको सम्बन्धित आधिकारिक व्यक्तिले संचालन गर्न तथा अद्यावधिक गर्न सकिने व्यवस्था गरिएको छ । यसका साथै वस्तुगत विवरणको अन्तिम प्रतिवेदनमा गाउँपालिकाबासी, सरोकारवाला र सर्वसाधारणले मोवाइलको प्लेस्टोरबाट Local Govt Profile एप्लिकेशन डाउनडोड गरी हेर्न सक्ने व्यवस्था गरिएको छ ।

१.४.७ वस्तुगत विवरण प्रतिवेदन तयारी, प्रमाणीकरण, प्रकाशन, अद्यावधिक र प्रसारण

गाउँ वस्तुस्थिति विवरण (Municipal Profile) तयारीका लागि स्थानीय तहको प्रोफाईल सूचना व्यवस्थापन प्रणालीबाट सूचना प्राप्त, प्रशोधन, प्रस्तुति, प्रकाशन र प्रसारण गरिएको छ । यसलाई नियमित रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाइएको छ । प्रोफाईल सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त सूचना विवरणलाई संलग्न गरी स्तरीय ढाँचामा हार्डकपीमा वस्तुस्थिति विवरणलाई लेखन, तालिका, ग्राफ, चार्ट, तालिका र नक्शामा प्रस्तुत गरिएको छ ।

वस्तुस्थिति विवरणमा प्रस्तुत सूचना विवरणलाई गाउँपालिकाको आयोजना र प्राविधिक सहयोग टोलीको सहजिकरणमा मिति **२०७८ साल साउन २० र २१ गते** दीर्घकालीन सोच निर्धारण तथा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत गरी सुझाव संकलन गरियो । गाउँपालिकाका अध्यक्ष श्री पित्त वहादुर डल्लाकोटीको अध्यक्षतामा संचालित गोष्ठीमा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्य, कार्यपालिकाको कार्यालय, विषयगत शाखाका प्रमुख, वडा सचिव तथा स्थानीय संघ संस्था र नागरिक समाजको उपस्थिति रहेको थियो । उक्त गोष्ठीमा गाउँ वस्तुस्थिति विवरणको मस्यौदा प्रस्तुत गरी वडा तथा विषयगत सूचना सम्बन्धमा गाउँ कार्यपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवालाबाट प्रतिक्रिया र सुझाव समेत प्राप्त गरियो । प्राप्त सुझावलाई समावेश गरी प्रोफाइल सूचना व्यवस्थापन प्रणालीलाई अद्यावधिक गरिएको छ भने सो अनुसार वस्तुस्थिति विवरणको दस्तावेजलाई अन्तिम रुप प्रदान गरी सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक तथा हार्डकपी दस्तावेज तयार गरिएको छ ।

यसका साथै प्राविधिक सहयोग टोलीले गाउँ कार्यपालिकाको आयोजनामा प्रोफाईल सूचना व्यवस्थापन प्रणाली संचालन, सूचना अद्यावधिक र प्रस्तुतीबारे गाउँ कार्यपालिकाका पदाधिकारी र विषयगत शाखाका कर्मचारीको सीपको अभिबृद्धि सम्बन्धमा छलफल तथा अन्तरक्रिया समेत गरियो ।

१.५ सीमा

वस्तुस्थिति विवरणलाई नेपाल सरकारद्वारा जारी ढाँचा तथा स्थानीय तहको प्रोफाइल सूचना व्यवस्थापन प्रणाली तथा आवधिक योजनाको आधाररेखा सूचनाको रुपमा तयार गरिएको छ । विवरणमा यथाशक्य बढी सूचना समाविष्ट हुने गरी तयारी गर्ने प्रयास गरिएता पनि कोभिड १९ को असर लगायत कानुनी, नीतिगत तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी व्यवहारिक कठिनाइहरू आइपर्‍यो । सोको बाबजुद सम्बन्धित सबैको प्रयासबाट वस्तुस्थिति विवरण तयारी कार्य सम्पन्न गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई संभव भएसम्म वडागत र सामाजिक रुपमा खण्डीकृत र विषयगत रुपमा एकीकृत गर्ने प्रयास गरिएको छ । नेपालको संविधान र

संघीय शासन प्रणाली बमोजिम स्थानीय सरकारको रुपमा स्थापना भएपश्चात् प्रथम पटक गाउँपालिकामा निर्वाचित पदाधिकारीको मार्गनिर्देशनमा पहिलो प्रयासको सूचना प्रविधि प्रणालीमा आधारित भई गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गरिएको छ । यसमा रहेका कमी कमजोरीहरुलाई आगामी दिनमा आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

परिच्छेद २: गाउँपालिकाको विद्यमान अवस्था

२.१ परिचय

वेनीघाट रोराङ गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको बागमती प्रदेशस्थित धादिङ जिल्लाको दक्षिण पश्चिमी क्षेत्रमा अवस्थित रहेको छ। जिल्लाको १३ वटा स्थानीय तह मध्ये यस गाउँपालिका जिल्लाको सदरमुकामदेखि १८ कि.मि. र राजधानी काठमाण्डौंबाट ८० कि.मि को सडक दुरीमा पर्दछ। संघीय शासन प्रणाली अनुसार स्थानीय तह पुनसंरचना प्रक्रियामा धादिङ जिल्लाको साविक वेनीघाट, महादेवस्थान, धुषा, जोगीमारा गरी ४ वटा गाउँ विकास समिति समायोजन भएर २०७३ सालमा यो गाउँपालिका स्थापना भएको हो। यस गाउँपालिकाको कुल क्षेत्रफल २०६.५२ वर्ग कि.मी. रहेको छ।

यस परिच्छेदमा यस गाउँपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकास संभावनाहरूलाई देहाय बमोजिमका शीर्षकहरूमा व्याख्या गरिएको छ।

२.२ भौगोलिक अवस्थिति

वेनीघाट रोराङ गाउँपालिका नेपालको मध्यपहाडी क्षेत्रमा पर्दछ। भौगोलिक अवस्थितिका हिसाबले यो गाँउपालिका २७° ८०' ८३'' अक्षांश र ८४° ७६' ९१'' देशान्तरमा फैलिएको छ। यस गाँउपालिकाको पूर्वमा धादिङ जिल्लाको गजुरी गाउँपालिका पश्चिममा चितवन जिल्लाको इच्छाकामना गाउँपालिका र कालिका नगरपालिका, उत्तरमा धादिङ जिल्लाको सिद्धलेक गाउँपालिका र गोरखा जिल्लाको गण्डकी गाउँपालिका र दक्षिणमा चितवन जिल्लाको राप्ती नगरपालिका तथा मकवानपुर जिल्लाको राक्सिराङ्ग गाउँपालिकामा पर्दछ। भौगोलिक रुपमा मध्यपहाडी क्षेत्र देखि दक्षिणमा महाभारत श्रृंखलासम्म फैलिएको यस गाउँपालिका जैविक, सांस्कृतिक विविधता तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ।

नेपालको संविधान र संघीय शासन प्रणाली अनुसार स्थापित बेनीघाट रोराङ गाउँपालिकाको वडागत विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका १: पुनसंरचित गाउँपालिको वडागत विवरण

वडा नम्बर	समावेश साविक गाविस र वडा	वडाको क्षेत्रफल (वर्गकिमि)	वडाको केन्द्र रहेको स्थान
१	महादेवस्थान ६-९	१५.०५	सिमटार
२	महादेवस्थान १-५	४९.४५	ताल्ति महादेवस्थान
३	वेनीघाट १, २ ,९	१०.८९	रिचोकटार
४	वेनीघाट ३, ४, ५	१८.९९	इराङ्ग भञ्ज्याङ्ग
५	वेनीघाट ६, ७, ८	११.२२	वेनीघाट
६	धुषा ७, ८, ९	२०.७३	वर भञ्ज्याङ
७	धुषा १, २	९.५२	चरौदी बजार
८	धुषा ३-६	२३.४४	विदाङ्ग
९	जोगीमारा ६-९	१९.०५	मझिमटार
१०	जोगीमारा १-५	२८.१८	खोरभञ्ज्याङ्ग
	जम्मा	२०६.५२	

स्रोत : नापी विभाग, भौगोलिक सूचना प्रणाली

२.३ ऐतिहासिक चिनारी तथा नामाकरण

संघीय नेपालको वागमती प्रदेश अन्तर्गत धादिङ जिल्लाको महत्वपूर्ण धार्मिक तथा पर्यटकीय महत्वको दुई नदी त्रिशुली र बुढीगण्डकी नदीको संगमस्थल वेनीघाट र चेपाङ भाषाको शव्द रोराङ जसको अर्थ फूलवारी

भन्ने बुझाउँछ । यो गाउँपालिका सांस्कृतिक र जातिगत रुपमा एउटा फूलवारीको रुपमा रहेको थियो । २०७३ सालमा नेपालको संघीय पुनसंरचनाको प्रक्रियामा साविकका क्रमशः धुषा, जोगीमारा, वेनीघाट र महादेवस्थान गाउँ विकास समिति समायोजन गरी यस वेनीघाट रोराङ गाउँपालिका गठन भएको हो ।

२.४ राजनीतिक अवस्थिति

वेनीघाट रोराङ गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको बागमती प्रदेश स्थित धादिङ जिल्लाको दक्षिण पश्चिम क्षेत्रमा अवस्थित रहेको छ । कुल १० वटा वडा रहेको यस गाउँपालिका धादिङ जिल्लामा कायम भएका २ नगरपालिका र ११ गाउँपालिका गरी १३ स्थानीय तह मध्ये एक हो ।

२.५ धरातलीय अवस्था

धरातलीय हिसावले वेनीघाट रोराङ गाउँपालिका नेपालको मध्ये क्षेत्रमा पर्दछ । यो गाउँपालिका मलेखु, विशालटार, चरौदी, धुषा, हुग्दी, मझिमटार, जोगीमारा सहितका वेशीदेखि महाभारत श्रृङ्खलाको उच्च भूभागसम्म फैलिएको छ । गाउँपालिकामा धेरै जसो भूभाग भिरालो रहेता पनि खेतीयोग्य फाँट, पाखो र वन क्षेत्र समेत उलेख्य रहेको छ । गाउँपालिकाको वस्तुस्थिति विवरण २०७८ मा उल्लेखित भू सूचना प्रणाली अनुसार यस गाँउपालिकाको भूधरातललाई भिरालोपनका आधारमा सवैभन्दा कम ५ डिग्रीसम्म भिरालो भएको २.८८ प्रतिशत र सवै भन्दा बढी ३० देखि ५० डिग्रीसम्म भिरालोपन ४७.८९ प्रतिशत रहेको छ । यस सम्बन्धी विवरण तल तालिका प्रस्तुत गरिएको छ :

तालिका २: भरातलिय अवस्था

क्र.स.	भिरालोपना (Slope)	क्षेत्रफल (व.कि.मी.)	प्रतिशत
१	५ डिग्रीसम्म	५.९५	२.८८
२	५ डिग्री देखि १५ डिग्रीसम्म	१४.०८	६.८२
३	१५ डिग्री देखि ३० डिग्रीसम्म	६७.६८	३२.७७
४	३० डिग्रीदेखि ५० डिग्रीसम्म	९८.९१	४७.८९
५	५० डिग्रीभन्दा बढी	१९.९	९.६४
	जम्मा	**२०६.५२**	**१००**

स्रोतः गाउँ वस्तुस्थिति विवरण २०७३,

२.६ भू-उपयोग तथा प्राकृतिक सम्पदा

प्राकृतिक स्रोतका हिसाबले वेनीघाट रोराङ गाउँपालिकामा त्रिशुली नदी, मलेखु खोला, झिरती खोला, खानी खोला आदि बहने गर्दछन् भने वन तथा जैविक विविधता क्षेत्र, विशालटार, मझीमटार, चरौदी जस्ता कृषि योग्य जमीन रहेका छन् । गाउँपालिकाको वस्तुस्थिति विवरण २०७८ अनुसार भू-उपयोगको अवस्था हेर्दा यस क्षेत्रको ३८.०२ प्रतिशत भूभाग वनजंगलले ढाकेको छ भने ४१.५१ प्रतिशत भूभाग भने कृषि योग्य जमिनको रुपमा रहेको देखिन्छ । यसलाई विस्तृत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३: भू-उपयोग तथा प्राकृतिक सम्पदा

क्र.स.	भू-उपयोग	क्षेत्रफल (वर्ग कि.मि)	प्रतिशत
१	वनजगंलले ढाकेको जमिन	७८.५१	३८.०२
२	कृषि योग्य जमिन	८५.७३	४१.५१
३	पानीभाग	१.०८	०.५२
४	चट्टान	०.७४	०.३६
५	अन्य	४०.४६	१९.५९
	जम्मा	**२०६.५२**	**१००**

Source: Land Resource Mapping Project, 1996

वन तथा वातावरण मन्त्रालयले तयार गरेको स्थानीय तहको वनजङ्गलको विवरण अनुसार यस गाउँपालिकामा कुल क्षेत्रफल मध्ये वनजङ्गलको क्षेत्र ७०.४ प्रतिशत अर्थात १४५०३ हेक्टर रहेको देखिन्छ ।

२.७ साँस्कृतिक उत्कृष्टता

यस गाउँपालिकामा साँस्कृतिक रुपमा जनजातिको बाहुल्यता रहेको छ । जनजाति मध्ये पनि भिरपाखा र खोचमा वसोवास गर्ने चेपाङ जातिको बाहुल्यता रहेको छ । त्यसैगरी मगर, तामाङ्ग, गुरुङ, दलित, ब्राम्हण क्षेत्री समुदायको मिश्रित बसोवास रहेको छ । फलस्वरुप यस गाउँपालिकामा भाषा तथा सँस्कृतिको समिश्रण तथा अनुपम संगमस्थलको रुपमा रहेको छ भने धार्मिक रुपमा हिन्दु, वौद्ध र क्रिश्चियन धर्मालम्बीहरूको बाहुल्यता रहेको छ । यस गाउँपालिका क्षेत्रमा मनाइने हिन्दु धर्मालम्बीहरुको चाडपर्वहरूमा कृष्णष्टमी, तीज, जनैपूर्णिमा, दशै, तिहार, माघे सक्रान्ती, चैते दशैं आदि रहेका छन् भने तामाङ समुदाय र बौद्ध धर्मावलम्बीले ल्होसार, बुद्ध जयन्ती र क्रिश्चियन धर्मालम्बीको क्रिसमस रहेका छन् ।

यस गाउँपालिका क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभूषाका रुपमा पुरुषहरूले मुख्य रुपमा दौरा सुरुवाल, पाइन्ट, शर्ट, टोपी तथा कोट र महिलाले गुन्यु चोली, लुङ्गी र पटुकी लगाउने गर्दछन् । चरौदिको पशुपति मन्दिर, शंखादेवी मन्दिर, महादेव स्थान मन्दिर, तीन कन्या मन्दिर, गौमति मन्दिर, महाकाली मन्दिर आदि यहाँका महत्वपूर्ण धार्मिक स्थलहरु हुन् ।

२.८ विकासका सम्भावना तथा उपलब्धिहरु

वेनीघाट रोराङ गाँउपालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरू, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई हेर्ने हो भने यस गाँउपालिकामा विकासका प्रशस्त सम्भावनाहरूको आँकलन गर्न सकिन्छ । गाउँपालिका क्षेत्रको संम्भावनाहरूलाई देहायअनुसार तालिकामा संक्षेपीकरण गरिएको छ :

तालिका ४: विकासको प्रमुख सम्भावनाहरू

क्र.सं.	विषय क्षेत्र/उपक्षेत्र	सम्भावना
१	प्राकृतिक	• समशितोष्ण तुलनात्मक तातो र वसोबास योग्य हावापानी रहेको • विविधतायुक्त भूधरातल क्षेत्र उपलब्ध रहेको • वन जंगल तथा जैविक विविधतायुक्त क्षेत्र रहेको • वन, झाडी क्षेत्र र कृषि योग्य जमीनको संयोजन रहेको • त्रिशुली नदि, खहरे खोला, मलेखु खोला, हुग्दी खोला जस्ता खोला रहेको
२	आर्थिक	• धान, मकै, गहुँ, कोदो, तेलहन र तरकारी खेती तथा अमिलो जातको फलफूलको पकेट र उत्पादन रहेको • गाई भैंसी, भेडा बाखा, कुखुरा हाँस जस्ता पशुपंक्षीजन्य उत्पादन क्षेत्र रहेको • नदी बेंसीका उर्वर भूमि र सिंचित विस्तारित क्षेत्र रहेको • बैंक र वितिय संस्थाको सेवा उपलब्ध रहेको • चरौदिको पशुपति मन्दिर, शंखादेवी मन्दिर, महादेव स्थान मन्दिर, तीन कन्या मन्दिर, गौमति मन्दिर, महाकाली मन्दिर • चरौदी, वेनीघाट, मलेखु (माछाको लागि प्रख्यात बजार), धुषा, हुग्दी, मझिमटार सालाङ घाट आदि मुख्य बजार क्षेत्रहरु उपलब्ध रहेको

क्र.सं.	विषय क्षेत्र/उपक्षेत्र	सम्भावना
३	सामाजिक	• उच्च शिक्षा, प्राविधिक र माध्यमिक तहसम्मको शिक्षा उपलब्ध रहेको • ४ वटा स्वास्थ्य चौकी र ७ वटा आधारभूत स्वास्थ्य केन्द्र र वर्थिङ्ग सेन्टर र नीजि क्लिनिकबाट स्वास्थ्य सेवा प्रवाह भैरहेको • खुल्ला दिसामुक्त तथा पूर्ण सरसफाइ क्षेत्रको घोषणा भई सो को पालना भैरहेको • पाइपद्धारा वितरण प्रणाली सहितको खानेपानीको सुविधा विस्तार भैरहेको • ९ स्थानहरुमा खेलमैदान उपलब्ध रहेको • स्थानीयस्तरमा युवा क्लव, वाल क्लब र संजालहरु स्थापना भई अभियान संचालन भई रहेको • हिन्दु, वौद्ध र क्रिस्चियन धर्ममा आधारित धार्मिक स्थल, चाडपर्व र कला र सस्कृतिको संयोजन रहेको
४	भौतिक पूर्वाधार	• राजधानी काठमाण्डौ जोड्ने पृथ्वी राजमार्गमा गाउँपालिका केन्द्र रहेको, • १० वटै वडा कच्ची सडक संजालले जोडिएको र गाउँपालिका क्षेत्रभित्र ४७० कि.मि. कच्ची सडक निर्माण भएको • चरौदी, वेनीघाट, मलेखु, धुषा, हुग्दी, मझिमटार सालाङघाट आदि मुख्य बजार रहेको, • गाउँपालिकाको १० वडा मध्ये ८ वडा हुदै राजधानी जोड्ने पृथ्वी राजमार्ग गएको • गाउँपालिकामा बजार पूर्वाधारको विस्तार हुँदै गएको । • व्यवस्थित, सुरक्षित र एकीकृत वस्ती विकासलागि स्थान उपलब्ध रहेको • ८८ प्रतिशत घरधुरीमा विद्युत सेवाको पहुँच पुगेको • सुधारिएको र वैकल्पिक उर्जाको रुपमा एलपि ग्यास, विद्युत्, वायोग्यास तथा सोलारको उपयोगमा बृद्धि भईरहेको • गाउँपालिका केन्द्र, वडा कार्यालय, स्वास्थ्य संस्था तथा माध्यामिक तहको विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध रहेको • त्रिशुली लगायतका खोलानालाबाट राजधानी लगाएतका सहरमा यहाँका ढुङ्गागिट्टी र वालुवा जस्ता नदीजन्य सामग्रीको आपूर्ति भैरहेको
५	वन तथा वातावरण	• गाउँपालिका क्षेत्रमा धार्मिक र पर्यटकीय क्षेत्र रहेको • ५७ वटा सामुदायिक वन उपभोक्ता समूहबाट ४३४८ हेक्टर वन क्षेत्रको व्यवस्थापन भैरहेको र ७२ वटा कवुलियती वन रहेको, • त्रिशुली नदी, खहरे खोला, मलेखु खोला, हुग्दी खोला जस्ता १० भन्दा बढी खोला नाला रहेको
६.	सुशासन तथा संस्थागत	• संघीय संरचना बमोजिम संघीय सरकारबाट उपलब्ध संगठन संरचना र कर्मचारीको दरबन्दी तयार भएको • गाउँपालिकामा ५ वटा शाखा (१. प्रशासन, योजना तथा अनुगमन-४, २. पूर्वाधार विकास र वातावरण व्यवस्थापन-३, ३. सामाजिक विकास-३, ४. शिक्षा, युवा तथा खेलकुद-१, ५. आर्थिक प्रशासन-१, ६. आन्तरिक लेखा परीक्षण इकाई र १० वटा वडा कार्यालय संचालन रहेको • २४४ वटा विभिन्न समुदायमा आधारित संस्था, ११ गैसस तथा विकास साझेदार संस्थाको उपस्थिति र सहभागिता उल्लेख्य रहेको

स्रोतः समूह छलफल, २०७८

२.९ गाउँपालिकाको संगठन संरचना तथा मानवीय संसाधन

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट स्थापित यस गाउँपालिकाको २०७४ बैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित गाउँ कार्यपालिका मार्फत गाउँपालिकाको कार्य संचालन हुँदै आएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित संगठन संरचना अनुसार संगठन संचालन हुँदै आएको छ । संवैधानिक तथा कानुनी व्यवस्था, स्थानीय नीति तथा योजना अनुसारको कार्यभार, जिम्मेवारी पुरा गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयारी गर्ने कार्य प्रक्रियामा रहेको छ ।

परिच्छेद ३: प्रवृत्ति विश्लेषण

३.१ जनसंख्याको अवस्था

यस परिच्छेदमा गाउँपालिकाको जनसांख्यिक अवस्थासँग सम्बन्धित घरधुरी, जनसंख्याको बनौट तथा वितरण जस्ता विषयहरू समावेश रहेका छन् ।

३.१.१ जनसंख्या वितरणको अवस्था

गाउँपालिकाको पारिवारिक सर्भेक्षण २०७८ अनुसार गाउँपालिकाको कुल जनसंख्या ३२,२०७ रहेको छ । राष्ट्रिय जनगणना र गाउँपालिकाको सर्वेक्षण अनुसार औषत जनसंख्या बृदिदर ०.२१ प्रतिशत रहेको छ । वडा अनुसार सबैभन्दा बढी जनसंख्या वडा नम्बर २ मा ५०७८ जना अर्थात १५.८ प्रतिशत रहेको छ भने सबैभन्दा कम वडा नम्बर १ मा २२१० जना अर्थात ६.९ प्रतिशत रहेको छ । पारिवारिक सर्भेक्षण २०७८ अनुसार औसत घरपरिवारको आकार ४.९ जना प्रति परिवार रहेको छ । राष्ट्रिय जनगणना २०६८ र गाउँपालिकाको पारिवारिक सर्वेक्षण २०७८ को जनसंख्याको अवस्थालाई वडागत रुपमा देहाय बमोजिम तालिकामा उल्लेख गरिएको छ :

तालिका ५: जनसंख्या वितरणको अवस्था

वडा नम्बर	जनगणना २०६८ अनुसार					घरपरिवार सर्भेक्षण २०७८ अनुसार				
	घरपरिवार	जनसंख्या			परिवारको आकार	घरपरिवार	जनसंख्या			परिवारको आकार
		पुरुष	महिला	जम्मा			पुरुष	महिला	जम्मा	
१	३९४	१११७	१११५	२२३२	५.७	४५०	११०६	११०४	२२१०	४.९१
२	८४९	२२९९	२२९३	४५९२	५.४	९२३	२६००	२४७८	५०७८	५.५०
३	८८४	२००२	१८९३	३८९५	४.४	७७०	१८३४	१७७३	३६०७	४.६८
४	४७४	१२०५	१२४७	२४५२	५.२	५५३	१३१८	१२९८	२६१६	४.७३
५	७६५	१६४७	१७२३	३३७०	४.४	७६५	१७२३	१६४६	३३६९	४.४०
६	४१८	११३१	११६८	२२९९	५.५	४७०	१३४७	१२२४	२५७१	५.४७
७	५१८	१२१७	१२६२	२४७९	४.८	५७३	१४५७	१३९६	२८५३	४.९८
८	४२५	१२००	१२१२	२४१२	५.७	४६७	११८३	११२१	२३०४	४.९३
९	६३१	१५९९	१६२४	३२२३	५.१	६१६	१५९०	१५७७	३१६७	५.१४
१०	८११	२२४३	२२७८	४५२१	५.६	८६२	२२८३	२१४९	४४३२	५.१४
जम्मा	**६१६९**	**१५६६०**	**१५८१५**	**३१४७५**	**५.१**	**६४४९**	**१६४४१**	**१५७६६**	**३२२०७**	**४.९९**

स्रोतः राष्ट्रिय जनगणना, २०६८ तथा घरपरिवार सर्भेक्षण, २०७८

गाउँपालिकाको २०६८ र २०७८ को तुलनात्मक तथा बृद्धिको अवस्था देहायअनुसार ग्राफमा प्रस्तुत गरिएको छ :



३.१.२ जनघनत्वको अवस्था

गाउँपालिकाको कुल क्षेत्रफल २०६.५२ वर्ग कि.मी रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको औषत जनघनत्व १५२.४१ प्रति वर्ग कि.मि. रहेको थियो भने घरधुरी सर्वेक्षणको २०७८ अनुसार जनघनत्व १५५.६८ जना प्रति वर्ग कि.मी. रहेको छ । वडागत रुपमा जनघनत्व हेर्दा वडा नम्बर ८ मा सबै भन्दा कम (९५.६८ जना प्रति व. कि.मि) र वडा नम्बर ३ मा सवै भन्दा बढी (३११.२२ जना प्रतिव.कि.मि.) रहेको छ । जनघनत्व सम्बन्धी वडागत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६: जनघनत्वको अवस्था

वडा नम्बर	राष्ट्रिय जनगणना २०६८			गाउँपालिका सर्वेक्षण २०७८			क्षेत्रफल विवरण	
	जनसंख्या	प्रतिशत	जनघनत्व	जनसंख्या	प्रतिशत	जनघनत्व	क्षेत्रफल (वकिमी)	प्रतिशत
१	२२३२	७.१	१४८.३१	२२१०	६.८६	१४६.८४	१५.०५	७.२९
२	४५९२	१४.६	९२.८६	५०७८	१५.७७	१०२.६९	४९.४५	२३.९४
३	३८९५	१२.४	३५७.६७	३६०७	११.२०	३३१.२२	१०.८९	५.२७
४	२४५२	७.८	१२९.१२	२६१६	८.१२	१३७.७६	१८.९९	९.२०
५	३३७०	१०.७	३००.३६	३३६९	१०.४६	३००.२७	११.२२	५.४३
६	२२९९	७.३	११०.९०	२५७१	७.९८	१२४.०२	२०.७३	१०.०४
७	२४७९	७.९	२६०.४०	२८५३	८.८६	२९९.६८	९.५२	४.६१
८	२४१२	७.७	१०२.९०	२३०४	७.१५	९५.९०	२३.४४	११.३५
९	३२२३	१०.२	१६९.१९	३१६७	९.८३	१६६.२५	१९.०५	९.२२
१०	४५२१	१४.४	१६०.४३	४४३२	१३.७६	१५७.२७	२८.१८	१३.६५
जम्मा	**३१४७५**	**१००.०**	**१५२.४१**	**३२२०७**	**१००.०**	**१५५.६८**	**२०६.५२**	**१००.००**

स्रोतः राष्ट्रिय जनगणना, २०६८ तथा घरपरिवार सर्भेक्षण, २०७८

३.१.३ उमेर तथा लिङ्गका आधारमा जनसंख्या विवरण

उमेरका आधारमा जनसंख्याको स्थिति हेर्दा पाँच वर्षमुनिका बालवालिकाको संख्या ३,३३२ जना अर्थात १०.४ प्रतिशत र ६० वर्ष भन्दा माथिको जनसंख्या ३५४४ जना अर्थात ११.० प्रतिशत रहेको देखिन्छ । उमेर समूह अनुसार लैंगिक रुपमा खण्डीकृत वडागत जनसंख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः:

तालिका ७: उमेर तथा लिंगको आधारमा जनसंख्या विवरण

वडा नम्बर	५ वर्ष मुनी		६-१४ वर्ष		१५-१८ वर्ष		१९-२४ वर्ष		२५-४९ वर्ष		५०-५९ वर्ष		६०-६९ वर्ष		७० वर्ष भन्दा माथि	
	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला
१	९७	१३७	३७३	३६६	११३	११३	१२६	१२६	३१८	३०९	७८	६४	७८	६४	४५	४७
२	३३२	३०४	७९६	७५५	२५६	२१६	३३१	३५४	७६३	७२७	१४९	१३५	१४९	१३५	१०३	१०८
३	१४९	१५२	५०५	४७३	१६४	१५९	२१९	२१७	६९०	६८२	११२	११०	११२	११०	७४	५७
४	१२०	१०६	३४०	३५८	११७	१४२	२०६	२३३	४०९	३८९	१०३	९२	१०३	९२	७३	६१
५	१५६	१३४	३८५	३५५	१२९	१३२	२०९	२२०	६६०	६३४	१३७	१२५	१३७	१२५	८२	८१
६	१५६	१५४	४१५	३४४	१३९	९७	१८३	१७६	३८३	३५५	८६	७८	८६	७८	५२	४८
७	१३२	९०	३६७	३५६	१४३	१४२	१७२	२११	५३८	५३९	११९	८९	११९	८९	६०	४७

वडा नम्बर	५ वर्ष मुनी		६-१४ वर्ष		१५-१८ वर्ष		१९-२४ वर्ष		२५-४९ वर्ष		५०-५९ वर्ष		६०-६९ वर्ष		७० वर्ष भन्दा माथि	
	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला
८	१२१	११७	३७३	३७३	१२२	१२४	११९	१२९	३२७	३१६	९४	६५	९४	६५	६१	४६
९	१७४	१९४	४२७	४४१	१३७	१२८	१९१	२१२	५१६	४८३	१२८	११२	१२८	११२	६९	६४
१०	२४७	२६०	६५७	६२०	२१८	२१५	२९०	२८०	६८८	६६१	१५७	१२७	१५७	१२७	१११	९५
